# फिक्कल गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, खाङसाङ, सिन्धुली

# बालमैत्री वडा घोषणा प्रतिवेदन

२०८१/०२/१५

# फिक्कल गाउँपालिका

# खाडसाङ, सिन्धुली


## बालमैत्री वडा घोषणा अनुगमन प्रतिवेदन

२०८१/०२/१५

**प्रतिवेदन पेश गर्ने निकायः** फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाङ्साङ्, सिन्धुली ।

**प्रतिवेदन पेश हुने निकायः** जिल्ला समन्वय समिति, सिन्धुली ।

## १. फिक्कल गाउँपालिका को संक्षिप्त परिचय




सिन्धुली जिल्लाको पूर्वोत्तर क्षेत्रका साविक महादेवडाँडा, सुम्नाम पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गाउँ विकास समितिहरुलाई मिलाएर फिक्कल गाउँपालिका निर्माण गरिएको हो । पर्यटकीय स्थल फिक्कल चुचुरोको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । महाभारत श्रृङखलामा पर्ने २३८६ मिटर उचाईमा रहेको फिक्कल चुचुरो जिल्लाकै सर्वोच्च शिखर हो । मनोरम दृश्यावलोकनका लागि प्रसिद्ध फिक्कल चुचुरो यस गाउँपालिकाभित्रको महत्वपूर्ण पर्यटकीय स्थल हो । मध्यपहाडी लोकमार्गको सिन्धुली खण्डको अधिकांश भाग यसै गाउँपालिकाको उत्तरी क्षेत्र भएर गएको हुनाले यस फिक्कल गाउँपालिकाको आर्थिक रुपले भविष्य उज्वल छ ।

## गाउँपालिका सम्बन्धी आधारभुत जानकारी :

**गाउँपालिका केन्द्र** :फिक्कल -४, खाङसाङ

**क्षेत्रफल** :१८६.०६ वर्ग किलोमिटर

**जनसंख्या** :-१५,९१० (*२०७८ को जनगणना अनुसार)

**जनघनत्व** : ८६ जना प्रति वर्ग कि.मी. (*२०७८ को जनगणना अनुसार)

**वडा संख्या** :- ६ वटा

**पूर्वी सीमाना** :- ओखलढुंगा र उदयपुर जिल्ला

**पश्चिम सीमाना** :- तीनपाटन, गोलन्जोर र दुधौली नगरपालिका

**उत्तरी सीमाना** :- ओखलढुंगा र रामेछाप जिल्ला

**दक्षिणी सीमाना** :- दुधौली नगरपालिका र उदयपुर जिल्ला

### २. फिक्कल गाउँपालिका वडा नं. ५ को संक्षिप्त परिचय




सिन्धुली जिल्ला साविक गाविस सोल्पाठाना वडा नं. २ हालको फिक्कल गाउँपालिका वडा न. ५ भएको छ । यहाँको भौगोलिक अवस्था भिरालो छ । यस वडाको वडा कार्यालय भवन सोल्पा

भञ्ज्याङ् स्थित फिक्कल मा.वि सोल्पाठाना नजिक रहेको छ । बि.पि राजमार्ग बाट लगभग ४.५ कि.मि उकालो चडेपछि यस वडा कार्यालय प्रस्थान गर्न सकिन्छ ।यस वडाको क्षेत्रफल ३१ वर्ग कि.मी रहेको छ । यहाँको कुल जनसंख्या १९९५ रहेको छ भने ४६८ घर धुरी सङ्ख्या रहेको छ। वडाको पूर्व तर्फ वडा नं. ६ कल्लेरि खोला, पश्चिममा ४ नं. वडा खाङ्साङ जुके खोला, उत्तरमा सुनकोशी किनार र दक्षिणमा ३ नं. वडा फिक्कल भिउटावरको सिमाना पर्दछ । यहाँको धार्मिक स्थलहरुमा फिक्कल महाकाली देवि, जाल्पा देवि पन्चकन्या, रुद्र थान, भिमसेन थान लगायत विभिन्न पोखरीहरुले समेत प्रसिद्ध रहेको छ ।

यस वडाको किनारा सँगै सुनकोशीको किनार पनि जोडिएको छ । यहाँको सडक मुख्य सडक लगायत शाखा सडकहरु कच्ची अवस्थामा छन् ।यस वडा प्राकृतिक स्रोत र साधनले भरिपूर्ण यहाँको सामुदायिक वनमा जंगली जनावर पशु-पन्छी मृग, खरायो, दुम्सि, मयुर, कालिज र बेला बखत चितुवा पाइन्छ । ५ नं. वडा भित्र आदिवासी जनजाति राई, मगर, भुजेल, माझी, सुनुवार, ब्राह्मण तथा दलित समुदायका मानिसहरु वसोबास गर्दछन् । सामन्यतया यहाँका अधिकाशं मानिसहरु खेति किसान गर्ने, पशु पालन गर्ने गर्दछन। यहाँ विशेष गरी राजमा, मास, गहत, मस्याङ जातका दालको उत्पादन र फलफुलमा आँप, कटहर, केरा उत्पादन हुन्छ ।

५ नं. वडामा सामुदायिक विद्यालय ८ वटा रहेको छन् । ५ नं. वडा भित्र वडा स्तरीय बाल संजाल, १ वटा समुदाय स्तरीय बाल क्लव, ९ वटा विद्यालय स्तरीय, ३ वटा गरि जम्मा १३ वटा बाल क्लव रहेको छन् ।जसमा २९८ जना वालबालिका आवद्ध रहेका छन् । वडामा बालमैत्री स्थानीय शासन समिति वडा तथा समुदाय स्तरीय, बालअधिकार समिति रुपान्तरण समुह, आमा समूह, सहकारी संस्था जस्ता सामुदायिक संस्थाहरु क्रियाशील रहेका छन्। साथै ५ नं. वडाले रिलिफ नेपाल/वल्ड भिजन ईन्टरनेशनल नेपाल सँगको सहकार्यमा वडा कार्यलयमा गाउँपालिकाकै सिकाई प्रारुप बालमैत्री सिकाइ केन्द्र संचालनमा ल्याएको छ भने सोही सस्थाको सहयोगमा वडाको भवन लगायत स्वास्थ्य चौकीमा स्तनपान कक्ष संचालनमा छ र अन्य प्रशासनिक भवनमा अनिवार्य स्तनपान कक्ष ब्यवस्थापनको तयारीमा रहेको पाइन्छ । मानविय बिकास सँग सम्बन्धित पूर्ण साक्षरतायुक्त, खुल्ला दिसामुक्त क्षेत्र, पूर्ण खोपयुक्त वडा घोषणा भैसकेको छ र बाल बिबाहमुक्त, बाल श्रममुक्त बनाउने जस्ता महत्त्वपूर्ण अभियानहरु पालिका, वडा, विद्यालय र बिभिन्न संघ संस्थाहरुले संचालन गर्दै आइरहेको छ ।

बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०६८ घोषणा कार्यविधि, २०७० स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बालमैत्री स्थानीय शासन गरेर कार्यान्वयनमा ल्याएको छ। यस अन्तर्गतका सूचकमा काम गर्ने सन्दर्भमा ५ नं. वडाको जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, अभिभावक, शैक्षिक संस्था, स्वास्थ्य संस्था, बालबालिका लगायत सम्पूर्ण सरोकारवालाहरुमा सकरात्मक विचार र बालमैत्री व्यवहार स्थापित हुनको साथै समाज रुपान्तरणको थालनी भएको छ । नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक धारा ३९ आदि कानूनी र नीतिगत व्यवस्था रहेको आधारमा यस वडाले बालमैत्री स्थानीय शासन अवलम्वन सँग सम्बन्धित विभिन्न नीतिगत निर्णय गरि सहजकर्ता पंकज पाण्डे र अनिल सार्कीको सहजीकरणमा बालमैत्री स्थानीय शासन पद्धतिको अबलम्वन तथा घोषणा सम्वन्धि दुई चरणको बालमैत्री स्थानीय शासन समितिलाई वडा स्तरिय अभिमुखिकरण संचालन गरी यस पद्धतिको सुरुवात पश्चात आज यस चरणसम्म आइपुगेका छौं ।

## ३. बालमैत्री वडा निर्माणका लागि शुरुवात, अवसर र चुनौतीहरुः

आ.व. २०७५/७६ देखी बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचकमा विभिन्न नतिजामुखी कार्य गर्नको लागि परिचालित वडागत बालसमूह, गाउँ बालसंजाल, गाउँ बालअधिकार समितिको पहलमा सेचन करुणा, सिड्स नेपाल, रिलिफ नेपाल, वल्डभिजन इन्टरनेसनल नेपाल जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले समेत सहयोगीको रुपमा कार्यक्रम सफल बनाउन योगदान पुऱ्याएकोमा हार्दिक धन्यवाद । यधपि बालमैत्री स्थानीय तह घोषणाको लागि कार्यालयले थप उर्जाशील भई कार्ययोजना सहित योजनाहरु कार्यान्वयन सम्भव भएको छ ।

### बालमैत्री घोषणाका चुनौतीहरुः

१. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति एवं कार्यान्वयन कार्यविधि २०६८ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्न ।
२. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन विषयगत कार्यालय र अन्य संघसंस्थालाई निरन्तर विशेष जिम्मेवारी वोध गराउन ।
३. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा तोकिएको बाल बचाउ अन्तर्गत गर्भवती महिलाहरुलाई कम्तिमा प्रसूतिपूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुलाई कम्तिमा ३ पटक स्वास्थ्यजाँच गराउन ।

४. बालबालिकाका हरेक वर्ग, समुदाय, लिङ्ग, क्षेत्र जाति आदि सबै जनतामा बालमैत्री आचरसंहिताको सफल व्यावहारिक पक्ष कार्यान्वयन गर्न ।
५. बालकोषको निरन्तरता एवं वृद्धि गर्न ।
६. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता पक्षको उच्चतम प्रवर्द्धन गर्न ।

**बालमैत्री घोषणाका सम्भावनाहरुः**

१. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, कार्यान्वयन कार्याविधि, २०६८ एवं घोषणा कार्यविधि, २०७० ले बालमैत्री स्थानीय तह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु ।
२. स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा १२ को (ग) अनुसार जनप्रतिनिधिहरुको कार्य सम्पादनमा टेवा पुग्नु ।
३. स्वास्थ्य र शैक्षिक संस्था लगायतका विषयगत निकाय र अन्य सामाजिक संघसंस्थाहरुसँग राम्रो समन्वय रहनु ।
४. बालमैत्री स्थानीय शासन गाउँ समिति, जनप्रतिनिधि, कार्ययोजना कार्यान्वयन कार्यदल, राजनैतिक दल, गाउँ बाल संरक्षण समिति, वडा CFLG समिति लगायत संरचनाको सक्रियता ।
५. बालमैत्री स्थानीय शासनका ५१ सूचकमध्ये सम्पूर्ण सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्तिको अवस्था राम्रो हुनु ।
६. गाउँपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भईसकेको ।
७. गाउँपालिका पूर्णखोपयुक्त घोषणा भईसकेको ।
८. समुदाय र विद्यालयमा गरी १२ वटा बालसमुह र १ वटा वडा स्तरीय बाल संजाल र उक्त समूहको प्रतिनिधिहरुबाट १ वटा गाउँपालिका स्तरीय बाल संजाल गठन भई सक्रिय रुपमा परिचालन ।
९. फिक्कल गाउँपालिका स्थानीय बासिद्धारा बालमैत्री स्थानीय तह घोषणामा पूर्ण सहयोग ।
१०. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक शाखा, टोल विकास संस्था, महिला सहकारी लगायत विषयगत निकायहरुद्धारा आफ्नो क्षेत्रमा नेतृत्व लिई सक्रिय रहेको।
११. मातृ तथा शिशु मृत्युको घटना शुन्य प्राय रहेको ।
१२. वडा स्तरीय बालसमूह तथा गाउँ बाल संजाल, गाउँ बालअधिकार समितिको सकृयता व्यापक रहेको ।
१३. यस सम्वन्धी विज्ञको निरन्तर सहजीकरण रहनु ।

**स्थलगत अनुगमन गतिविधिः**

वडा स्तरीय बालमैत्री स्थानीय शासन समितिको निर्णय अनुसार सबै सूचकको मापदण्ड पूरा भएकोले अनुगमनको लागि अनुरोध भई आएको हुँदा फिक्कल गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति संयोजक पार्वती सुनुवारको संयोजकत्वमा तपसिल बमोजिमको टोली मिति २०८१/०२/१५ गते स्थलगत रुपमा वडा कार्यालयमा रहेको वाल सिकाई केन्द्रमा उपस्थित भई सम्पूर्ण सूचकहरु सम्बन्धित प्रमाण कागजात अवलोकन, जाँच गरियो । साथै सूचकसँग सम्बन्धित बाल उद्यान, विद्यालय, स्वास्थ्य संस्था लगायत स्तनपान कक्ष आदिको प्रत्यक्ष अवलोकन गरियो ।

**अनुगमनमा उपस्थितहरुः**

- पार्वती सुनुवार - अध्यक्ष
- राजु बराल - उपाध्यक्ष
- डम्बरबहादुर रजनमगर - प्रमुख प्रशासकीय अधिकृत
- शंकर बहादुर भण्डारी - २ नं. वडा अध्यक्ष
- रुपा रमौली - योजना शाखा प्रमुख
- निलहरी लामिछाने - शिक्षा शाखा प्रमुख
- नारायण प्रसाद अधिकारी - सामाजिक विकास शाखा प्रमुख
- रमेश बहादुर सार्की - एम.आई.एस. अपरेटर
- उषा ढकाल - अ.हे.व
- अस्मिता फुयाल - ल्याव असिस्टेन्ट
- हिरालाल मगर - फिल्ड सहायक

**सूचकहरुको अन्तिम अवस्था मापन विवरणः**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागीता र संस्थागत बिकास सम्बन्धी सूचकहरुको वडा स्तरीय अन्तिम अवस्था यस प्रकार पाईयो ।

| **क्र स** | **क्षेत्र तथा सूचक** | **घोषणाको लागिआवश्यक(%)** | **हालको अवस्था (%)** | **सूचनाको व्याख्या** |
|---|---|---|---|---|
| **क)** | **बालबचाउ** | | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूतिपूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ | १०० | सोल्पाठाना स्वास्थ्य चौकि सोल्पाठानाको प्रतिवेदन अनुसार गर्भवती महिलाहरुले कम्तिमा प्रसूतिपूर्व चारपटक र प्रसूतिपश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गर्दै आएको |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाउँदै आएको |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | ९५ | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार गर्भवती तथा सुत्केरी सबै आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खादै आएको |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० | ९० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार गर्भवती आमाले दक्ष स्वास्थ्य कर्मीबाट सुत्केरी गराएको । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक(%) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | | | | गराएको |
| ६ | ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनेछन् । | १०० | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाहरुलाई पूर्ण रुपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराको मात्रा) प्राप्त गरी पूर्ण खोपयुक्त घोषण भएको हुनेछन् । | १०० | १०० | सत प्रतिशत बालबालिकाले पूर्ण खोप पाएको पूर्ण खोप घोषणाबाट देखियो । |
| ८ | एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुलाई ARV Prophylaxis पाएका हुनेछन् । | १०० | १०० | संक्रमित आमा नभएको |
| ९ | सबै घरपरिवारले आयोडिन नुनको प्रयोग गरेका हुनेछन् । | १०० | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको । |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हनु पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमीआएको हुनेछ । | ८० | ८० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको छ । |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० | १०० | सोल्पाठाना स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको छ । |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । | १०० | १०० | ५ नं. वडामा आधारभूत तहको खानेपानी सुविधा उपलब्ध भएको पाईयो। |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक(%) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि/खाना खान/खुवाउन अघि साबुनपानीले हातधुने परिपाटीको विकास भएको हुनेछ । | १०० | १०० | ५ नं वडाको प्रत्यक घरधुरीका बालबालिकाहरुले चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि/खाना खान/खुवाउन अघि साबुनपानीले हातधुने परिपाटीको विकास भएको छ । |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरौं तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० | १०० | ५ नं वडामा बसोबास गर्ने घर परिवारले शौचालय निर्माण गरी मिति २०७०/११/१० गते सोमबारको दिन खुला दिसामुक्त घोषणा गरेको छ । |
| **ख)** | **बाल संरक्षण** | | | |
| १५ | ५ बर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । | १०० | १०० | ५ नं वडा भित्र रहेको सबै बालबालिकाहरुको जन्म दर्ता भएको । |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १०० | १०० | ५ नं. वडा भित्र निकृष्ट प्रकारको बालश्रम नभएको र कही कतै गराएको पाईएमा कानून बमोजिम कारर्वाहि गर्ने प्रतिवद्धता सहित आवश्यक व्यवस्था रहेको । |
| १७ | स्थानीय तह बालविवाहमुक्त घोषणा भएको हुनेछ । | १०० | ९५ | ५ नं. वडा भित्र रहेको वडा समिति, बाल अधिकार समितिको अनुगमन अनुसार कुनै पनि बालविवाह नभएको र सबै पक्षले नगर्ने प्रतिवद्धता रहेको । |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध | ८० | ८० | ५ नं. वडा भित्र रहेको घर परिवार, समुदाय, सार्वजनिक स्थान, विद्यालय, |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक(%) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | हुने हिंसा, वेचविखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | | | सामाजिक चाडपर्व भेलामा बालबालिका विरुद्ध हुने हिंसा वेचविखन शोषण वेवास्ता र दुर्व्यवहार नभएको । |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित गराई संचालनमा ल्याईएको हुनेछ । | १०० | १०० | ५ नं. वडामा रहेको बाल अधिकार समिति बालमैत्री स्थानिय शासन समितिमा बाल क्लव, बाल संजालको सहभागी गराइ सक्रिय रही काम गरि रहेको । |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५ | १०० | ५ नं. वडामा छाउपडी, कमलरी, महिनावारी, छुवाछुत जस्ता सामाजिक कुप्रथा हाल सम्म नरहेको प्रमाणबाट देखियो। |
| २१ | समुदायले १४ वर्ष मुनिका असहाय बालबालिकाको संरक्षण गर्न विशेष व्यवस्था | १०० | १०० | ५ नं. वडा भित्र वडा समिती, बाल अधिकार समितिको अनुगमन अनुसार १४ वर्ष मुनिका असहाय बालबालिका नरहेको देखियो । |
| २२ | स्थानीयतहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ। सडक बालबालिका (भएकोमा) बालगृहमा राख्ने व्यबस्थापन भएको हुनेछ । | १०० | १०० | ५ नं. वडामा वडा समिति, बाल अधिकार समितिको अनुगमन र बालबालिका प्रोफाइलको तथ्याङ्क अनुसार सडक बालबालिका नरहेको । |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० | १०० | ५ नं. वडामा रहेको विद्यालय, विद्यालयका वाल क्लव र वडा समितिको अनुगमन प्रतिवेदन अनुसार बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने नगरिएको । |
| २४ | कुलतमा लागेका बालबालिकालाई बाल सुधार | १०० | १०० | ५ नं. वडा भित्र वडा समिती, बाल |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक( %) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ । | | | अधिकार समितिको अनुगमन अनुसार कुनै पनि बालबालिकाहरु कुलतमा नलागेको र बाल सुधार गृहमा राख्नु पर्ने खालको बालबालिका नभएको । |
| **ग)** | **बालविकास** | | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर शत प्रतिशत रहेको हुनेछ ।(फरक क्षमता भएका बालबालिकाको हकमा विषेश व्यबस्था हुनुपर्ने) | १०० | १०० | ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर शत प्रतिशत रहेको विद्यालयको डाटा अनुसार पाईयो । |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका शत प्रतिशत बालबालिकालाई आधारभूत शिक्षा (१—८ कक्षा) पाएको हुनेछन् । | १०० | १०० | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा पाएको देखियो । |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भै यसको प्रयोग हुनेछ । | १०० | १०० | प्रा.वि. तथा मा.वि. विद्यालयमा सो सूचक पूर्ण रुपमा कार्यान्वयन भएको र केही विद्यालयमा हुदै गरेको |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० | १०० | विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री रुपमा संचालनमा रहेको पाईयो । |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० | १०० | प्रत्येक विद्यालयको बालक्लवद्धारा अतिरिक्त कृयाकलाप सञ्चालन गरेको पाईयो । |

| क स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक(%) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलगअलग बिसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० | १०० | विद्यालयको निर्णय पत्र र वडाको अनुगमन अनुसार विद्यालयमा कुहिने नकुहिने फोहोर फरक फरक ठाउँमा बिसर्जन गरेको पाइयो । |
| घ) | **बाल सहभागिता** | | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई कृयाशील (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ | ९५ | ५ नं. वडा भित्र १ वटा बाल संञ्जाल रहेको र कृयाशील भई कार्यक्रम गरी रहेको पाईयो । |
| ३२ | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बालक्लब गठन भई कृयाशील (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ | ९५ | ५ नं. वडा भित्र ९ वटा टोल स्तरीय, ३ वटा विद्यालय स्तरीय बाल क्लव रहेको र कृयाशील भई निरन्तर कार्यक्रम गरी रहेको पाईयो। |
| ३३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधि रहनेछ । | १०० | १०० | विद्यालयको बैठक निर्णय अनुसार बालक्लको प्रतिनिधि बैठकमा उपस्थित रहेको पाईयो । |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लव/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० | १०० | स्वास्थ्य व्यवस्थापन समितिको बैठको माइनुट अनुसार बालक्लवको प्रतिनिधित्व रहेको पाईयो । |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्वन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० | ९० | ५ नं. वडामा रहेका बालबालिका सम्बन्धि सरोकारका संरचना / समितिहरुमा बालबालिकाहरुले संस्थागत रुपमा अर्थ पूर्ण सहभागिता रहेको पाईयो |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक( %) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | | | | । |
| ३६ | बालभेलाबाट मागभई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० | १०० | ५ नं. वडा कार्यालयबाट बाल भेलाबाट माग भई आएका योजनाहरु समावेश गर्दै आएको । |
| (ङ) | **संस्थागत सूचकहरु** | | | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई कृयाशील रहेका हुनेछन् । | १०० | १०० | ५ नं. वडामा ७ वटा बालमैत्री स्थानीय शासन समिति गठन गरिएको र कृयाशील भई निरन्तर काम गर्दै आएको पाईयो । |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | १०० | १०० | ५ नं. वडामा सरोकारवालहरुको प्रतिनिध मुलक सहभागितामा बालमैत्री आचारसंहिता र नीति नियम तर्जु तयार गरी कार्यान्वयनमा ल्याएको पाईयो । |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेका हुनेछन् । | ८० | ८० | ५ नं. वडामा एक बालमैत्री सिकाई श्रोत केन्द्र स्थापना गरी संञ्चालन गर्दै आएको पाईयो । |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वय भएको हुनेछ । | १०० | १०० | फिक्कल गाउँपालिका स्तरीय वस्तुगत विवरण प्रोफाइल निर्माण गरिएको र सोही अनुसार कार्यन्वयन भई आएको । |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरि बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रकृयामा | १०० | १०० | ५ नं. वडा भित्र रहेको बाल क्लव र बाल संञ्जालको भेलाबाट वार्षिक आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना |

| क्र स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक(%) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | समावेश गरिएको हुनेछ । | | | तर्जुमा प्रकृयामा समावेश गर्दै आएको देखियो । |
| ४२ | स्थानीय तहमा बालबालिका सम्वन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० | १०० | ५ नं. वडामा बालबालिका सम्बन्धि स्थितिपत्र तयारी गरी प्रकाशन गर्दै आएको पाईयो ।(गाउँपालिकाका सबै वडा समेटी समय समयमा स्थितिपत्र प्रकाशन गर्दै आएको) । |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । | १०० | १०० | प्रारम्भिक बालविकास केन्द्रको प्रतिवेदन अनुसार स्थानीय तहले तोकेको मापदण्ड पुरा भएको पाईयो । |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्वन्धी अतिरिक्त कक्षा सञ्चाल गरेका हुनेछन् । | १०० | १०० | विद्यालयको निर्णय प्रतिवेदन अनुसार सूचक पुरा भएको पाईयो । |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुलाई जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) उपलब्ध प्राप्त गरेका हुनेछन् । | ८० | ९० | विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुलाई रुपान्तरण जिवन उपयोगी सीप तथा आत्मरक्षा तालिम हाउस वाइरिङ जस्ता तालिम गर्दै आएको पाईयो । |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ । | १०० | १०० | ५ नं. वडामा रहेको सोल्पाठाना प्रहरी चौकीको बैठक माइनट अनुसार बालमैत्री कक्षा वा बालमैत्री सम्पर्क एकाई स्थापना गरी कार्यन्वयन गर्दै आएको देखियो । |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी | १०० | १०० | ५ नं. वडा भित्र रहेका शैक्षिक संस्थामा सवारी साधनहरु नरहेको र सबै शैक्षिक |

| क स | क्षेत्र तथा सूचक | घोषणाको लागिआवश्यक( %) | हालको अवस्था (%) | सूचनाको व्याख्या |
|---|---|---|---|---|
| | साधनहरु स्थानीय तहले तोकेको न्युनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | | संस्थाहरु बालमैत्री तथा अपाङ्गमैत्री रहेको देखियो । |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० | १०० | ५ नं वडा कार्यालय भवन र सोल्पाठाना स्वास्थ्य चौकीमा स्तनपान कक्ष स्थापना गरी संञ्चालन गर्दै आएको । |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बाल मैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० | १०० | ५ नं. वडामा बसपार्क, सिनेमा हल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धारा भएको । |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० | १०० | फिक्कल गाउँपालिकाको मातहतमा रहेको विपद व्यवस्थापन कोषबाट विपदको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने गरेको पाईयो । |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० | १०० | फिक्कल गाउँपालिकाको मातहतमा रहेको विपद व्यवस्थापन कोषबाट विपदको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने गरेको पाईयो । |

# फिक्कल गाउँपालिका स्तरीय अनुगमन झलक









गाउँपालिका स्तरीय वाल भेला कार्यक्रम







वडा कार्यालयमा भएको वालमैत्री कक्ष






बाल श्रम तथा बालविवाह विरुद्धको जनचेतना मूलक प्रभातफेरी कार्यक्रम





वालमैत्री धारा र खेल मैदान






स्तनपान कक्ष






जन प्रतिनिधिलाई प्रेमपत्र





वालावालिकालाई कराते प्रशिक्षण






वालक्लव द्वारा आयोजित कार्यक्रम





वालश्रम अन्त्यको लागि सार्वजनिक स्थानमा स्टिकर टास्ने कार्य

धन्यवाद ।।